परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION

साप्ताहिक

❑ वर्ष १३ ❑ अंक ४० २०८२ जेष्ठ १८ आईतवार Sunday 25, JUN 1 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

**नेपाल खानेपानी संस्थान**
शाखा कार्यालय, विराटनगर

**सूचना**

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला।

पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं।

## झारफुकको वहानामा नबालिकलाई यौन दुर्व्यवहार गर्ने प्रहरीको फन्दामा

विराटनगर। सिरहा जल्ला घर भई विराटनगर-१५ बस्ने नाबालिकलाई झारफुक गरी दिने वहानामा यौन दुर्व्यवहार गरको आरोपमा एक जनालाई प्रहरीले पक्राउ गरको छ।

पक्राउ पर्नेमा बिराटनगर महानगरपालिका वडा नं.-६ बस्ने बर्ष ३५ को महमद साबिर रहेको छ। उनले झारफुकको वहाना वनाई राती नाबालिक संग छुट्टै बसी यौन दुर्व्यवहार गरको आरोप लागेको छ।



घटनाको विवरण अनुसार जिल्ला सिरहा घर भई विगत ३ वर्ष अगाडि देखी जिल्ला मोरङ विराटनगर महानगर पालिका वडा नं. ६ रामपुर स्थित एक घरमा आफ्नै दिदिसँगै डेरा कोठा लिई बस्ने वर्ष १५ कि नाबालिका विगत ५/६ महिना अगाडि देखि अचानक वेहोस हुने, डराउने, आत्तिने, जस्तो विरामी भई रहेको थियो।

बालिकाको परिवारले अस्पतालमा लगी उपचार गराउदा समेत स्वास्थ्यमा सुधार नभए पछि घरपरिवार का मानिसहरुले जिल्ला मोरङ बिराटनगर-६ बस्ने वर्ष ३५ को महमद साबिर मलबी (झार फुक गर्ने) भएको गाउँघरवाट जानकारी महमद साविरलाईलाई झारफुक गराउदै आइरहेको थियो।

विगत ३/४ महिना देखि बालिकालाई झारफुक गर्ने वहानामा दुर्व्यवहार गर्ने गरेको, उपचारको लागि भनि रु ७० हजार माग गरेको थियो। झारफुकको वहानामा नै २०८१ चैत १७ गते रातीको समयमा बालिकाको घरमा आई बालिकाको उपचार राति मात्र हुने, उपचार गर्नको लागि छुट्टै बिरामी र आफ्नो लागि कोठा चाहिने भनि बालिकाको दिदिलाइ जानकारी गराइ

बांकी अन्तिम पेजमा...

## नेपाल सरकारको बजेट १९ खर्ब ६४ अर्ब ११ करोड

विराटनगर। नेपाल सरकारले आर्थिक वर्ष २०८२-०८३ को लागि विहीवार बजेट सार्वजनिक गरेको छ।

संसद्का दुवै सदनको संयुक्त बैठकमा उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आउँदो आर्थिक वर्षको लागि १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँको बनेट सार्वजनिक गरेको थियो।

सरकारले सार्वजनिक गरको बजेटमा चालु खर्च ११ खर्ब ८० अर्ब ५८ करोड, पुँजीगत खर्च ४ खर्ब ७ अर्ब ६९ करोड र वित्त व्यवस्थापन मा ३ खर्ब ७५ अर्ब २४ करोड रुपैयाँ विनियोजन गरेको छ। उक्त बजेट यस वर्षको सुरुको विनियोजनको तुलनामा ५.६ प्रतिशतले बढी र संशोधनको तुलनामा १८.२ प्रतिशतले बढी रहेको छ।

चालु आर्थिक वर्षका लागि सरकारले १८ खर्ब ६० अर्ब ३० करोडको बजेट विनियोजन गरेको थियो। आउँदो बजेटका लागि स्रोतका रूपमा राजस्वबाट १३ खर्ब १५ अर्ब, आन्तरिक ऋणबाट ३ खर्ब ६२ अर्ब, बाह्य ऋणबाट २ खर्ब ३३ अर्ब र अनुदानबाट ५३ अर्ब रूपैयाँ जुटाउने अनुमान सरकारले गरेको छ।

बजेटमा कोशी प्रदेशका केही महत्वपूर्ण आयोजनाहरू समेटिएका छन्। सुनसरीमा पेट्रोलियम पदार्थ अन्वेषणदेखि लेउती मुलघाट सुरुङमार्गसम्म अनि विराटनगरस्थित गिरिजाप्रसाद कोइराला क्रिकेट रंगशाला निर्माणदेखि झापाको चारआलीबाट मिलिगढीसम्म पाइपलाइन विस्तारका

बांकी अन्तिम पेजमा...

## पतिको दिर्घायूको लागि मधेशी महिलाहरूले गरे बरपिपलको पूजापाठ

विराटनगर। मधेशी समुदायको अधिकांश विवाहित महिलाहरुले आफ्नो पतिको दीर्घायुको लागि बट सावित्री पर्व धुमधामका साथ सोमवार वर पिपलको रुखमा पुजापाठ गरी भव्य रुपमा मनाएका छन्।

मधेशी समुदायका प्राय सबै जातजातिका महिलाहरुले मनाउने चाडहरु मध्ये बट सावित्री अर्थात बरसाइतलाई महान पर्वकै रुपमा मनाउन थालेका छन्।

प्रत्येक वर्ष जेठ महिनाको अमवशिया तितिको दिन मनाउने बट सावित्री अर्थात बरसाईतको पूजामा विवाहित महिलाहरुले उपवास बसी नयाँ बस्त्र, गरगहना, सिन्दुर, पोते लगाएर प्रसादको रुपमा केरा, स्याउ, नरिवल, लिच्ची, चामल, आँप, बदाम, पान, सुपारी, केरा, फलफूल, धुप र अनिवार्य रुपमा बासको वेना (पंखा) लिएर पूजापाठ गरिन्छ।

व्रतालु महिलाहरूले आफ्नो श्रीमानको दीर्घायु तथा कुशल दाम्पत्य जीवनको कामना गर्दै रातो पहिलो धागो (मोली) लिएर बर पिपलका रुखमा ७ फेरा लगाउने गरिन्छ। श्रीमानलाई वाँसको वेना (पंखा) ले हावा लगाई प्रसाद ग्रहण गर्न दिन्छन।

पौराणिक कथा अनुसार राजा सत्यवानको मृत्यु हुँदा उनकी पत्नी सावित्रीले वर को रूख तल बसेर कठोर ब्रत गरी आफ्नो पतिको प्राण फर्काएको हुँदा महिलाहरूले पतिको दीर्घायुका लागि वट सावित्री पर्व मनाउने गरेको धार्मिक ग्रन्थमा उल्लेख छ। सुरुसुरुमा ब्राह्मण, कायस्थ र देव जातिका महिलाले मात्र गर्ने गरेको बरसाइत पूजा अहिले मधेशी मुलका प्राय सबै जातजातिका महिलाहरुले

**गाउँवासीहरूको लागि जनहितमा जारी सूचना**

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरी सडकमा नछाडौ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं। सामाजिक दुरी कायम गरौं।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं।

बुढीगंगा गाउँपालिका, गाउँपालिकाको कार्यालय मोरंग, कोशी प्रदेश



परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.विराटनगर द.न. ०४/०७७/०७८

### विराटनगरको...

महमद साविरले उपचार गराउने निहुँ बनाइ नाबालिकालाई छुट्टै कोठामा लगी करिव १/२ घण्टा राखेको थियो ।

चैत १२ गते बालिकाले रुदै भने उपचार गराउन आउने महमद साविरले कोठा भित्र संवेदनशिल अंग छुने जस्तो यौन दुर्व्यवहार गर्ने गरेको कुरा दिदिलाइ सुनाए पछि घटनाबारे प्रहरी कार्यालयमा जानकारी गराई जाहेरी दरखास्त दिएका थिए ।

सोही आधारमा महमद साविरलाइ पक्राउ गरी बालबालिका सम्वन्धी कसुर (बालयौन दुर्व्यवहार) कसुरमा सम्मानित मोरङ जिल्ला अदालतवाट दिन ७ म्याद थप भई अनुसन्धान भई रहेको प्रहरीले जनाएको छ ।

### पतिको...

समेत पतिको दीर्घायुको कामनासहित पूजा गर्न थालेपछि यसको महत्वले दिन प्रतिदिन बढ्दै गई रहेको छ ।

### नेपाल...

योजना बजेटमा उल्लेख छन् । उद्योग आयात निर्यातलगायतका विषयमा गरिएको प्रबन्धले कोशीको निजी क्षेत्र उत्साही देखिएको छ ।

त्यसैगरी सरकारले प्रधानमन्त्री केपी शर्मा ओलीको गृहनगर दमकमा सबै प्रकारका खेल खेलाउन मिल्ने अन्तर्राष्ट्रिय रंगशाला बनाउने बजेटमा उल्लेख गरेको छ । दमक नजिकैको लखनपुरमा आदिवासी रंगशाला भने अहिलेसम्म अलपत्र अवस्थामा छ। आदिवासी समुदायको चिहान हटाएर निर्माण थालिएको रंगशालाको नाम फेरेर यसबंधि ओली नेतृत्वकै सरकारले मदन भण्डारी रंगशाला नाम राखेपछि विवाद भएको थियो ।

मोरङको गिरिजाप्रसाद कोइराला क्रिकेट रंगशाला, कैलालीको फाप्ला क्रिकेट रंगशाला र रुपन्देहीको सिद्धार्थनगर क्रिकेट रंगशालाको निर्माणका लागि ४२ करोड विनियोजन गरिएको बजेटमा उल्लेख छ । त्यसैगरी सरकारले नयाँ बजेटमार्फत सोलुखुम्बुमा 'हाई अल्टिच्यूट स्पोर्टस स्टेडियम' बनाउने योजना अघि सारेको छ भने रानी विराटनगर इटहरी हुदै किमाथाका जोड्ने व्यापारिक मार्ग निर्माणको गर्ने पनि बजेटमा उल्लेख छ। साथै पर्व-पश्चिम राजमार्ग विस्तार कार्यत्रऽमअन्तर्गत काँकडभिट्टा-लौकही सडक चार सेनमा स्तरोन्नति गर्ने, कोशी करिडोर विस्तार, अरुण करिडोरको चतरा-लगुबा सडक निमर्माण, तमोर कोरिडोर र मेची राजमार्ग लाई स्तरोन्नति योजना पनि बजेटले समेटेका छ ।

**ट्राफिक नियमको पालना गरौं ।**
**सडक सुशासन कायम गरौं ।।**

# ललाई फकाई जबरजस्ती करणी गरेको अयायोग दुई पक्राउ



विराटनगर, जेष्ठ १२ गते । खाँदबारी बजार आएका दुई जना यूवतीलाइ ललाई फकाई गरी खाजा खाने, घुम्न जाने भनेर होटलमा लगी जवरजस्ती करणी गरेको आरोपमा दुइ जना यूवालाई प्रहरीले पक्राउ गरको छ ।

पक्राउ पर्नेमा संखुवासभा चिचिला गाउँपालिका वडा नं. २ बस्ने वर्ष ३५ को तुफान राई र वडा नं. ३ बस्ने वर्ष २८ को प्रकाश राई रहेका छन् । दुवैलाई जवरजस्ती करणी गरेको आरोप यूवतीहरुले लगाएका छन् ।

जेष्ठ ७ गते बुधवार खाँदवारी आएका यूवतीहरुलाई बजारमा भेटी ललाई फकाई गरी खाजा खाने र घुम्न समेत जाने भनि मोटरसाईकलमा बस्न लगाई खाँदबारी नगरपालिका वडा नं. १ मा रहेको होटलमा लगी जबरजस्ती करणी गरेको भनि पीडित पक्षबाट जाहेरी आएपछि जेष्ठ ९ गते शुक्रवार पक्राउ गरिएको थियो ।

आरोपीहरुलाई खाँदबारी नगरपालिका वडा नं. १ बाट पक्राउ गरी जेष्ठ ११ गते सम्मानित संखुवासभा जिल्ला अदालत चैनपुरबाट म्याद थप अनुमति लिई थप अनुसन्धान कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रहरी निरीक्षक अभिशेक कुमार श्रेष्ठले वताए ।


## मानव बेचबिखनजन्य कार्यहरु

- मानिसलाई भुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद विक्री गर्ने र जवरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृतिमा लगाउने,
- प्रचलित कानुन विपरीत मानव अंग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद विक्री गर्ने,
- वेश्यागमन गर्ने वा गराउने जस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन्,

यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानुनबमोजिम कारवाही हुन्छ ।
त्यस्तो कार्य भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।

**नेपाल सरकार, विज्ञापन बोर्ड**

## वनजन्तु तथा चराचुरुङ्गीको संरक्षण सम्बन्धी डिभिजन वन कार्यालय, मोरंङ्गको अत्यन्त जरुरी सूचना

वनजंगल र वन्यजन्तुहरुको संरक्षण गर्नु हामी सबैको कर्तव्य हो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम स्वीकृति नलिई कुनैपनि वन्यजन्तु तथा चराचुरुङ्गी पाल्नु हुँदैन वन्यजन्तुलाई कुनै तरिकाले लखेट्ने, पक्रने, दुःख दिने, मार्ने वा सो गर्न प्रयत्न गर्ने वा त्यसको शरिरको कुनै अङ्ग झिक्ने वा नष्ट गर्ने वा त्यसको अण्डा, गुँड झिक्ने, नष्ट गर्ने वा खलबल गर्ने एवं आखेटोपहार ओसारपसार वा खरिद बिक्री गर्नु गराउनु दण्डनीय अपराध हो । यस्तो कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँ देखि दश लाख रुपैयासम्म जरिवाना वा पाँच वर्ष देखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजाय हुने कानुनी प्रावधान रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**डिभिजन वन कार्यालय मोरंग**

## विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❒ सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जतातती फोहोरमैला नफालौं ।

## खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी अति आवश्यक जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ ।

### दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु



- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिन्डर सधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं ।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिर्सौं ।

नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर


परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिन्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# बजेटमा देखिएको सम्भावना

नेपाल सरकारले आर्थिक वर्ष २०८२-०८३ को लागि विहीवार बजेट सार्वजनिक गरी सकेको छ। सरकारले सार्वजनिक गरेको बजेटमा चालु खर्च ११ खर्ब ८० अर्ब ५८ करोड, पुँजीगत खर्च ४ खर्ब ७ अर्ब ६९ करोड र वित्त व्यवस्थापनमा ३ खर्ब ७५ अर्ब २४ करोड रुपैयाँ विनियोजन गरेको छ। उक्त बजेट यस वर्षको सुरुको विनियोजनको तुलनामा ५.६ प्रतिशतले बढी र संशोधनको तुलनामा १८.२ प्रतिशतले बढी रहेको छ।

बजेट ल्याउँदा देखिएको दृष्टिकोण र प्राथमिकताहरूले देशको आर्थिक पुनरुत्थान र समावेशी विकासप्रति प्रतिबद्धता दर्शाउँछन्। यद्यपि स्रोतको सीमितता र वैदेशिक सहायता घट्ने सम्भावनाबीच, बजेट निर्माणमा देखिएको अनुशासन र यथार्थपरकता स्वागतयोग्य छ। कार्यान्वयन योग्य योजनाहरू मात्र समावेश गर्ने र कम प्राथमिकताका आयोजनाहरूलाई स्थगन गर्ने नीतिले बजेट कार्यान्वयनमा पारदर्शिता र प्रभावकारिता सुनिश्चित गर्ने आशा जगाएको महसुस हुन्छ। संघियता कार्यान्वयनको लागि संघ, प्रदेश र स्थानीय तहबीच समन्वयमा आधारित बजेट निर्माणले संघीय शासन प्रणालीलाई सुदृढ बनाउने दिशामा सकारात्मक संकेत दिएको छ।

वृद्ध भत्ता, पेन्सनजस्ता सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई प्राथमिकता दिइएको छ, जसले सामाजिक न्याय र समावेशी विकासमा सरकारको प्रतिबद्धता देखाउँछ। नयाँ आयोजना प्रस्तावमा स्पष्ट मापदण्डः बजेट मार्गदर्शनमा चालु आयोजना प्राथमिकता, तयारी पूरा भएका र लगानी ढाँचा सुनिश्चित भएका आयोजना मात्र प्रस्ताव गर्ने नीति अपनाइएको छ, जसले दोहोरो आयोजना र स्रोतको दुरुपयोग सक्ने सम्भावना रहेको छ। सबै सरोकारवालाहरूको सक्रिय सहभागिता र पारदर्शिता आवश्यक छ, जसले देशको आर्थिक पुनरुत्थान र समावेशी विकासमा योगदान पुग्ने विश्वास लिएको छ।

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

# विनियोजन विधेयक २०८२ का सिद्धान्त र प्राथमिकता

विराटनगर कोशी प्रदेशका माननीय आर्थिक मामिला तथा योजना मन्त्री राम बहादुर मगरले कोशी प्रदेश सभामा बैशाख ११ गते प्रस्तुत गर्नु भएको विनियोजन विधेयक, २०८२ का सिद्धान्त र प्राथमिकताको पूर्ण पाठ यस प्रकार रहेको छ।

माननीय सभामुख महोदय,

१. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को व्यवस्था बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले विनियोजन विधेयक, २०८२ का सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्न यस गरिमामय सभामा उपस्थित भएको छु।

२. नेपालको संविधान जारी भई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुरुप प्रदेश सरकार सञ्चालनका सात वर्ष पुरा भएका छन्। यस अवधिमा भौतिक पूर्वाधार विकास, आर्थिक तथा सामाजिक रूपान्तरण, मानव विकास र सुशासन प्रवर्द्धनको क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल भएका छन्। असीमित आवश्यकताका बीच सीमित स्रोत साधनको परिचालनबाट विकासका आधारशिला तयार भएका छन्। "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकांक्षा साकार पार्न प्रदेश सरकारले तय गरेको "स्वच्छ, सुखी र समुन्नआत प्रदेश" निर्माणको दीर्घकालीन सोच अनुरुप जनताको जीवन स्तरमा सुधार गर्न स्रोत साधन परिचालन गरिएको छ।

३.अर्थ व्यवस्थामा देखिएको शिथिलतामा कमी आई आर्थिक क्रियाकलापमा क्रमशः सुधार हुँदै गईरहेको छ। संघबाट प्राप्त हुने अनुदान र राजस्व बाँडफाँट लक्ष्य अनुसार प्राप्त नभएपनि विगत बर्षको तुलनामा बढोत्तरी भएको छ। चालू खर्चलाई बाञ्छित सीमामा राख्न सकिएको छैन। पुँजीगत बजेट क्रमश : घट्दै गईरहेको भएतापनि विनियोजनको तुलनामा खर्चको प्रतिशत बढ्दै गईरहेको छ। आन्तरिक स्रोत परिचालन लक्ष्य अनुरुप हुन नसक्दा प्रशासनिक खर्चमा समेत संघीय अनुदानमा निर्भर हुनुपर्ने अवस्थाले प्रदेशको वित्तीय व्यवस्थापन सन्तुलित रूपमा संचालन गर्न चुनौतीपूर्ण बन्दै गइरहेको छ। राजस्व परिचालन एवम् विनियोजन कुशलता र कार्यान्वयन दक्षतामा थप सुधार गरेर मात्र अपेक्षित नतिजा हासिल हुने देखिन्छ।

माननीय सभामुख महोदय,

नेपालको संविधान र प्रदेश सभाबाट पारित प्रदेश सरकारको आर्थिक वर्ष २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रमको मार्गदर्शनमा रही कोशी प्रदेश विनियोजन विधेयक, २०८२ का सिद्धान्त र प्राथमिकता सम्मानित सभा समक्ष प्रस्तुत गर्न तयार गरेको छु।

अव म कोशी प्रदेश विनियोजन विधेयक, २०८२ का सिद्धान्त प्रस्तुत गर्दछु।

४.आर्थिक आधारको सबलीकरण र आर्थिक वृद्धि

उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्न समग्र आर्थिक आधारको सबलीकरण गरिनेछ। हरित अर्थतन्त्रको विकास र प्रवर्द्धनका लागि नीतिगत र कानूनी सुधार गरिनेछ। सार्वजनिक, निजी, सहकारी तथा सामुदायिक क्षेत्रसँगको साझेदारीमा आर्थिक समुन्न्ति प्राप्त् हुने, राष्ट्रिय पूँजी निर्माण हुने, नागरिकमा सन्तुष्टि वृद्धि गर्ने तथा राजस्वमा प्रत्यक्ष योगदान गर्ने आयोजनामा लगानी बढाउँदै लगिनेछ।

५.दिगो विकास

प्रदेश सरकारको "स्वच्छ, सुखी र समुन्नसत प्रदेश" निर्माणको दीर्घ कालीन सोच अनुरुप आर्थिक सामाजिक विकासलाई दिगो बनाउन विकास प्रक्रियाका हरेक चरणमा दिगो विकासको अवधारणालाई आन्तरिकीकरण गर्दै लगिनेछ। विकासशिल राष्ट्रमा स्तरोन्तिरको दिगोपनाका लागि लिनुपर्ने रणनीति कार्यान्वयन गर्न र प्रदेशको दोस्रो आवधिक योजनाका आधारस्तम्भ समुन्नकति, खुसी र सुशासनका सूचकमा सुधार गरिनेछ। विपद्को जोखिम न्यूनिकरण गर्न पूर्व तयारीको कार्य सुदृढ बनाईनेछ। विपद्का समयमा समन्वयात्मक रुपमा खोज उद्धार र पुनर्स्थापनामा जोड दिइनेछ। प्राकृतिक स्रोतको संरक्षण गर्दै जलवायु परिवर्तनबाट परेको प्रभाव लाई कम गर्न अनुकूलन तथा न्यूनीकरण का लागि स्रोत परिचालन गरिनेछ।

६.संघीयता कार्यान्वयन र अन्तरतह समन्वय

संविधानमा उल्लिखित तहगत अधिकार सूचीलाई बजेट निर्माणको मुख्य आधार बनाइनेछ। सन्तुलित र समावेशी विकासका लागि संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यलाई थप सुदृढ पारिनेछ। संविधान र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन अनुसार राजस्वको बाँडफाँट र वित्तीय हस्तान्तरणलाई थप प्रभाव कारी बनाइनेछ। प्रदेश संरचनाको आवश्यकता र महत्वलाई केन्द्रमा राखी आर्थिक, सामाजिक तथा भौगोलिक क्षेत्रको सन्तुलित विकासमा जोड दिइनेछ।

७.सार्वजनिक सेवा प्रवाह र सुशासन

सार्वजनिक सेवा प्रवाहलाई जनमुखी, विश्वसनीय, पारदर्शी र उत्तरदायी बनाई सुशासन प्रवर्द्धन गरिनेछ। प्रदेश सरकारवाट प्रदान गरिने सेवामा समान र सहज पहुँच सुनिश्चित गर्न अवलम्वन गरिएको विद्युतीय शासन प्रणालीलाई थप सुदृढ गरिनेछ।

८.सार्वजनिक वित्त र वित्तीय अनुशासन

चालु खर्चमा हुने विनियोजनलाई वाञ्छित सीमाभित्र राखी आर्थिक तथा सामाजिक क्षेत्रमा दीर्घकालीन लाभ पुर्या उने गरी पूँजीगत खर्चमा विनियोजन केन्द्रित गरिनेछ। स-साना आयोजनामा बजेट विनियोजन हुने प्रवृत्तिलाई निरुत्साहित गर्दै बहुवर्षीय तथा रुपान्तरणकारी आयोजनामा पर्याप्तख बजेट विनियोजन गरी सार्वजनिक खर्चलाई परिणाम मुखी बनाइनेछ। आन्तरिक राजस्व परिचालनलाई थप प्रभावकारी बनाउन नीतिगत र संरचना गत सुदृढीकरण गरिनेछ। प्रदेशको सार्वजनिक खर्चलाई मितव्ययी र पारदर्शी बनाई वित्तीय अनुशासन कायम गरिनेछ।

९.सामाजिक विकास ,न्याय र मानव अधिकार

शिक्षा, स्वास्थ्य, खानेपानी, आवास र पोषण लगायतका क्षेत्रमा गुणस्तर सुधार गरी सबैको पहुँच सुनिश्चसत गरिनेछ। महिला, वालवालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक, सिमान्तकृत र आर्थिक रुपले विपन्नै नागरिकको संरक्षण, सशक्ती करण, उत्थान र विकासका लागि उपलब्ध स्रोत, साधन र अवसरको न्यायोचित वितरण गरी सामाजिक विकासका सूचकमा सुधार गरिनेछ। अन्तर्राष्ट्रिय प्रतिबद्धता र संविधान प्रदत्त मौलिक हकको संरक्षणबाट मानव अधिकारको प्रवर्द्धन गरिनेछ।

१०.ग्रामीण विकास

ग्रामीण र शहरी क्षेत्रबीच अन्तरसम्बन्ध मजबुत बनाउन स्थानीय पूर्वाधार विकास गरिनेछ। ग्रामीण क्षेत्रबाट हुने बसाईंसराई न्यूनीकरण गर्न शिक्षा, स्वास्थ्य, विद्युत, सडक, खानेपानी र सूचना प्रविधि लगायतका आधारभूत सुविधा सहित आर्थिक अवसर तथा स्व-रोजगार सिर्जना गरिनेछ।

माननीय सभामुख महोदय,

अब म कोशी प्रदेश विनियोजन विधेयक, २०८२ का प्राथमिकता प्रस्तुत गर्दछु।

११.जनमुखी सेवा प्रवाह र सुशासन

प्रदेशबाट प्रदान गरिने सार्वजनिक सेवालाई प्रभाव कारी बनाउन नीतिगत सुधार र भौतिक संरचना तथा सूचना प्रविधि पूर्वाधारलाई थप सुदृढ गरिनेछ। प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवालाई थप जवाफदेही, जनमुखी र उत्प्रेरित गर्न जनशक्तिको क्षमता अभिबृद्धि र व्यवस्थापन लाई प्रभावकारी बनाईनेछ। भ्रष्टाचार र अनियमितता नियन्त्रण गरी सुशासन कायम गरिनेछ। सुशासन प्रवर्द्धन तथा शासकीय सुधार गरी प्रदेश केन्द्रित सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गरिनेछ।

१२.कानूनी शासन र शान्ति सुरक्षा

कार्यविधि तथा निर्देशिका बाट हुने शासकीय कार्यप्रणाली लाई क्रमशः घटाउदै लगिनेछ। प्रदेशभित्र हुने अपराध नियन्त्रणका लागि सूचना प्रविधिमा आधारित अपराध अनुसन्धान प्रणालीलाई सुदृढ्ढ गर्दै सुरक्षा निकाय, स्थानीय तह र गैरसरकारी संस्थाको सहयोग र समन्वयमा मानव बेचविखन, लागूऔषध सेवन तथा ओसारपोसार जस्ता कार्यलाई नियन्त्रण गरिनेछ। जीवनउपयोगी सीप, नैतिक शिक्षा र सामाजिक चेतनाको माध्यमबाट असल नागरिक निर्माणको लागि अभियान अगाडि बढाईनेछ।

१३.भौतिक पूर्वाधार

रुपान्तरणकारी र बहुवर्षीय आयोजनालाई प्राथमिकताका साथ निर्धारित समयमा सम्पन्नर गरिनेछ। प्रादेशिक सडक सञ्जालका सडक निर्माणलाई प्राथमिकतामा राखिनेछ। स्थानीय तहको केन्द्र जोड्ने, सांस्कृतिक महत्वका स्थल तथा पर्यटकीय स्थल जोड्ने सडकको निर्माण तथा स्तरोन्नति गरिनेछ। ग्रामीण क्षेत्रमा रहेका बजार केन्द्रको विकास र विपन्नत नागरिकको आवास व्यवस्थापनलाई प्राथमिकता दिइनेछ। सार्वजनिक निजी साझेदारीमा रणनीतिक महत्वका पूर्वाधार निर्माण गरिनेछ। आवागमन सहज

वांकी ५ पेजमा...

# नेतृत्वको आचरण परिवर्तन नहुँदा प्रश्न उठ्ने गरेको : नेता प्रदीप ज्ञवाली



विराटनगर । कोशी प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयले विराटनगरमा शनिवार आयोजना गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको उपलब्धि, अवसर, सम्भावना र चुनौती विषयक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै लोकतन्त्रमा प्रगति व्यापक भएपनि नेता र नेतृत्वको आचरण परिवर्तन नहुँदा प्रश्न उठ्ने गरेको नेकपा एमालेका नेता प्रदीप ज्ञवालीले वताएको छ ।

'हामीले काम गरेका छौं राजस्व ४८ सालको भन्दा ११७ गुणा वृद्धि भएको छ । खाद्यान्नको उत्पादन पनि उत्तिकै वृद्धि छ, व्यक्तिगत आय पनि बढेको छ तर असन्तुष्टि चुलिएको छ । यसको मूल कारण हाम्रो आचरण नै भएको ज्ञावलीको भनाई थियो । नेता ज्ञवालीले थप्नुभयो- 'हामीले संविधान संशोधन गरेर मात्र नहुने भन्दै नेतृत्वमा रहेका पात्र, प्रवृत्ति र आचरणमा नै समस्या छ यसलाई सुधार गरेर जाउँ । निराशा आफै हटेर जान्छ ।'

कार्यक्रममा कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले हामीले उल्लेख्य प्रगति गरेको र यसलाई आम जनतामा बुझाउनुपर्ने वताउँदै उहाँले भने हाम्रो कार्यशैली र ढाँचामा प्रश्न उठेको छ। त्यसलाई निरूपण गरेर अघि बढ्नुपर्नेमा उहाँले जोड दिएका थिए ।

'राजनीतिक धरातल दार्शनिक धरातल कुनै पनि धरातलले नेपालमा राजतन्त्र स्थापना हुँदैन यसमा कोही लाग्नुको औचित्य छैन यस को बहस पनि निरर्थक छ मुख्यमन्त्री कार्कीले वताउनु भयो । अहिलेका मूल राजनीतिक दलहरूले आफ्ना कमजोरीहरु जनता समक्ष राख्दै जनताको हित मा काम गर्नुपर्नेमा उहाँको जोड छ ।

अन्तरक्रिया कार्यक्रममा नेपाली कांग्रेसका नेता मिनेन्द्र रिजालले २०४८ सालमा नेपालीको औसत आयु ५४ वर्ष रहेको र अहिले ७२ वर्ष पुगेको उदाहरण दिँदै यस्ता खालको विकासलाई हामीले नजरअन्दाज गरिरहेको बताउनुभयो । उहाँले भन्नु भयो- 'सबै विकासलाई हेर्ने हो भने विश्वका अरु धेरै मुलुकभन्दा हामीले मानवीय विकासमा छिटो प्रगति गरेका छौं ।'

नेता रिजालले २०४८ साल यताका मानवीय विकासमा साक्षरता, सडक निर्माण, प्रतिव्यक्ति आयु, सुत्केरी महिलाको मृत्युदरमा गरिएका प्रगतिलाई नजर अन्दाज गर्न नमिल्ने बताउनु भयो। उहाँले सहमतिका साथ अहिले अगाडि बढ्नुपर्ने बेलामा त्यो अनुसार काम नभएपछि जनतामा निराशा बढेको चर्चा गर्दै दलहरुबीच सहमति र निराशालाई चिर्ने खालको काम गरेर जानुपर्ने वताएका थिए ।

नेकपा माओवादीका नेता हरिबोल गजुरेलले नैतिकता र इमान्दारिताको खाँचो रहेको उल्लेख गर्नुभयो । कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री रेवतीरमण भण्डारीले उल्लेख्य प्रगतिका बावजुद पनि गणतन्त्रमाथि प्रहार भएकाले त्यसका विविध पक्षमा आम नागरिकमा प्रकाश पार्नको लागि यो कार्यक्रम गरिएको जानकारी दिनुभयो । कोशी प्रदेश सरकार ले तीन दिनसम्म गणतन्त्र दिवस मनाउने सन्दर्भमा आज गणतन्त्रको अवसर सम्भावना का विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो ।

# यौन शक्ति बढाउने यस्ता छन् ७ उपाय

गाँस, बास र कपासजस्तै यौनेच्छा पनि मानिसको आधारभूत आवश्यकता हो। यौनको विषयमा अझै पनि मानिसहरू खुलेर कुरा गर्न लजाउने गरेको समाजमा देख्न पाइन्छ । अहिलेको अवस्थामा गल्त खानपान, अस्वस्थकर जीवनशैली र अत्याधिक तनावका कारण मानिसहरूमा यौन समस्या बढेको छ । पुरूषहरूमा यौन ईच्छामा कमी, लिंग उत्तेजना नहुने र शीघ्र स्खलन मुख्य यौन समस्या हुन्। आज यस्ता १० उपायको बारेमा चर्चा गरौं जसले यौन समस्याको ठिक पार्नुका साथै तपाईंको यौन शक्तिलाई बढाउँछ ।

१) व्यायाम

व्यायाम अन्तर्गत केगल्स एक्सरसाइजले यौनांग र नितम्बको वरीपरीको मांसपेशीलाई बलियो बनाउँछ। यस्का साथै अन्य प्रकारका व्यायामहरू पनि शरीरलाई स्वस्थ राख्न नियमित रूपमा गर्नुपर्ने हुन्छ ।

२) ध्यान र योगाभ्यास

मानसिक समस्या जस्तै एनजाइटी र डिप्रेसनको कारण पनि मानिसहरूमा यौन समस्या देखा पर्न सक्छ । नियमित रूपमा ध्यान र योगाभ्यास गर्नाले यस्ले मानसिक समस्याहरू मा फाइदा गर्दछ ।

३) टेस्टेस्टेरोन बढाउने खानेकुराको सेवन

यौन स्वास्थयमा टेस्टे स्टेरोन हर्मोनको प्रत्यक्ष प्रभाव पर्ने हुँदा टेस्टेस्टेरोन बढाउने खानेकुरा जस्ता अण्डा, माछा मासु, ड्राइ फ्रुट्सको नियमित रूपमा सेवन गर्नुपर्छ ।

४) आयुर्वेदिक औषधीहरू साथै सप्लिमेन्टसको प्रयोग

आयुर्वेदिक औषधीहरू जस्तै अश्वगन्धा, गोक्षुर बीज, कपिकच्छु, शीलाजीत, अकर करा, मुसली, अमला, यार्सा गुम्बा आदिले पनि यौन शक्तिलाई बढाउँछन्॥ यी औषधीहरूको सेवन चिकित्सक को सल्लाहमा गर्नु उचित हुन्छ॥ यस्ता साथै सप्लिमन्टसरू जस्तै कड लिभर वयल, ओमेगा क्याप्सुल, भिटामिन ई आदि सप्लिमेन्टस हरूको पनि सेवन चिकित्सकको सल्लाह अनुसार गर्न सकिन्छ ।

५) धुम्रपान र मधपानको त्याग

धुम्रपान साथै जाँडरक्सी को अत्याधिक सेवनका कारण यौन समस्या उत्पन्न हुन सक्दछ त्यसैले जाडरक्सी , चुरोट साथै अन्य दुर्वेसनबाट बच्नु पर्ने हुन्छ ।

६) पाचन प्रणालीको स्वास्थ्यको सुधार

कब्जियत, अपच, अरूची जस्ता समस्याका कारण मानिसहरूमा शारिरीक दुर्बलता उत्पन्न हुन सक्दछ । जस्ले यौन स्वास्थ्यमा पनि प्रतिकूल असर पार्दछ। त्यसैले मैदा, अत्याधिक चिल्लो र जंक फुडहरूको सेवन गर्नुहुँदैन ।

७) यौन क्रियाकलापमा अनुशासन साथै बह्रमचर्याको पालना

वैदिक मूल्यमान्यतालाई आत्मसाथ गर्दै यौन क्रियाकलापमा अनुसाशनको पालना गर्नाले पुरूषार्थ सिद्ध हुन्छ र उत्तम सन्तानको प्राप्ति हुन्छ र सामाजिक सस्कार र सद्भाव स्थापित हुन्छ ।

# कसैको दवाव र प्रभावमा नपर्न निर्देशन

विराटनगर । कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक ईश्वर कार्कीले जिल्ला प्रहरी कार्यालय उदयपुरको भ्रमण गरेका छन् । जेष्ठ १३ मंगलवार निरीक्षण भ्रमणको क्रममा वहाँले कार्यालय भवन, सम्पूर्ण शाखाहरु तथा हिरासत कक्षको निरीक्षण गर्नुकासाथै कार्यरत प्रहरी कर्मचारीहरुलाई समाजमा शान्ती सुरक्षा सु-व्यवस्था कायम राख्नका लागी कसैको दबाब र प्रभावमा नपरी काम गर्न निर्देशन दिएका छन् ।

निर्देशनकै क्रममा वहाँले सामुहिक भावना तथा भाईचारा का साथ दैनिक काम कारवाही लाई चुस्त, दुरुस्त बनाई आ-आफनो जिम्मेवार एरिया ईलाकाहरुमा अपराध नियन्त्रण गरी शान्ति सुरक्षा कायम राख्न, बिभिन्न अपराधिक गतिविधि, लागु औषधको प्रयोग र ओसार पसार, चोरी तस्करीका घटनाहरुलाई नियन्त्रण गर्न, सवारी दुर्घटना न्युनिकरण, सवारी नियम उलंघन गर्ने सवारी साधनलाई कारवाही तथा सवारी साधनको प्रयोग गरी हुन सक्ने अपराधिक गतिविधिलाई नियन्त्रण गर्न कडाईका साथ चेकजाँचको ब्यवस्था मिलाउन निर्देशन दिएका छन्।

निर्देशनकै क्रममा वहाँले प्रहरी ऐन तथा नियमावलीमा भएका व्यवस्थालाई अक्षरस पालना गर्न, तालुक कार्यालय बाट भएका आदेश निर्देशन लाई तल्लो दर्जाका कर्मचारी समेतलाई जानकारी गराई कार्यान्वयन गर्न, चेकिङको क्रममा सभ्य र शिष्ट भाषा प्रयोग गर्न, आम सेवाग्राहीहरु सँग समान व्यवहार गर्न तथा सामाजिक सञ्जालको सही सदुपयोग गरी सदैव प्रहरी संगठन र कार्यालयको गरिमा बढाउने कार्य गर्न निर्देशन समेत दिएको थियो ।

यसका साथै वर्षायामको समयमा पहाडी जिल्लाहरु हुने वाढी पहिरो जस्ता विपदका घटनाहरुमा नागरिकको धनजन को सुरक्षाका लागी तत्काल उद्धार कार्यमा परिचालन हुन सक्ने गरी तयारी अवस्थामा रहन समेत निर्देशन दिएको थियो।

निरीक्षण भ्रमणको क्रममा जिल्ला प्रहरी कार्यालय उदयपुर का प्रमुख हरिहरनाथ योगीले प्रदेश प्रहरी प्रमुख कार्कीलाई उदयपुर जिल्लाको समग्र शान्ती सुरक्षाको अवस्था, जनशक्ती व्यवस्थापन, भावि कार्य योजन, सुरक्षा चुनौतीहरु सहितको प्रस्तुतिकरण गर्नु भएको थियो ।

# प्रहरी प्रमुखसंग संचारकर्मी

विराटनगर । कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरको सभाहलमा कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महा निरीक्षक ईश्वर कार्कीले संञ्चारकर्मी हरुसगं भेटघाट तथा परिचयात्मक कार्यक्रम गरेका छन् ।

जेष्ठ १२ गते सोमबार का दिन एक बिशेष कार्यक्रम का विच कार्कीले उपस्थित सञ्चारकर्मीहरुसंग भेटघाट तथा परिचयात्मक कार्यक्रम का साथै कोशी प्रदेशको बर्तमान शान्ति सुरक्षाको अवस्था, सामुदाय प्रहरी साझेदारी कार्यक्रम अनुसार जनचेतनामुलक कार्यक्रम लाई तिब्रता, अपराध नियन्त्रण, फरार प्रतिवादी पक्राउ अभियान कडाईका साथ कार्यान्वयन गरेको वताएका थिए ।

भन्सार छली चोरी निकासी नियन्त्रण, लागुऔषधको प्रयोग र ओसार पसार नियन्त्रणमा कडाई तथा प्रहरीका दैनिक काम कारवाहीलाई निरन्तरता दिईरहेको वताए ।

भेटघाट कार्यक्रममा वहाँले संचारकर्मीहरुबाट उठेका विविध बिषयमा उठेका जिज्ञासाहरुलाई प्रस्ट पार्नु भएको थियो । कार्यक्रममा प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रहरी वरिष्ठ उपरीक्षक गोबिन्द अधिकारी, प्रहरी उपरीक्षक हरि डंगोल सहित प्रहरी अधिकृतहरु को उपस्थिति रहेको थियो ।

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७ ९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: बिहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म ।

# गणतन्त्रको १८ वर्ष : उपलब्धिको समीक्षा कि विकल्पको खोजी ?



**रमेश कुमार बोहोरा**

आज २०८२ जेठ १५ गते ऐतिहासिक दिन । राजतन्त्र विस्थापन गरी संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको यो अवसरमा सरकारले औपचारिक रुपमाा गणतन्त्र दिवस मनाउँदा राजसंस्था पुनःस्थापनाको आन्दोलन पनि सुरु भयो ।

नेपालमा गणतन्त्र स्थापनाको पृष्ठभूमि, भूमिका र राजनीतिक उतारचढावहरुका बारेमा अनेकानेक तर्क, वितर्क छन् । एकथरि यसलाई आयातित मान्छन् भने अर्काथरि मौलिक ।

गणतन्त्र स्थापनाको दुई दशक पुग्नै लाग्दा देशमा राजतन्त्र पुनःस्थापनाको आन्दोलन सुरु हुनु र यसमा नागरिकको सहभागिता अनपेक्षित देखिनु गम्भीर सोचनीय विषय हो ।

सरकार र गणतन्त्र पक्षधर राजनीतिक दलहरुले यो व्यवस्थाका जतिसुकै समर्थन गरे पनि आम जनताले सुखानुभूति गर्न सकेका छैनन् । गणतन्त्रका सारथीहरुका अनेक काण्ड तथा देश र जनताप्रति उनीको उदासिनताले राजतन्त्रप्रतिको आकर्षण बढेको पाइन्छ ।

गणतन्त्रको विकल्प राजतन्त्र हो वा होइन, यो पंक्तिकारको चासोको विषय होइन । चासो के मात्र हो भने यति छोटो समयमा राजतन्त्र पुनःस्थापनाका लागि अपेक्षा नगरिएको जनसमर्थन किन यो ।

आज जेठ १५ गते राजतन्त्र पुनःस्थापनाका लागि भएका प्रदर्शनमा देखिएको भीडले गणतन्त्रवादीहरुलाई सच्चिने गतिलो अवसर दिएको छ । गणतन्त्रको यो १८ वर्षे लक्का जवानले आफूलाई बरालिँदै हिंडेको सुहाउँदैन ।

यसले अब स्पष्ट मार्ग, गन्तव्य लक्ष्यसहित समात्नुपर्दछ । अन्यथा जनताको आक्रोश रोक्ने हैसियत कसैको हुँदैन । २०६२।०६३ को जनआन्दोलनको प्रमुख आधार तत्कालीन राजाले जनमत विपरीत गएर आफ्नो हातमा सत्ता लिनु हो भन्ने बिर्सनु हुँदैन ।

२०६२/०६३ सालको ऐतिहासिक जनआन्दोलन नेपाली राजनीतिक इतिहासमा निर्णायक मोड सावित भएको थियो । सो आन्दोलनले राजतन्त्रको अन्त्य गर्दै नेपाललाई लोकतान्त्रिक गणतन्त्रमा रुपान्तरण गऱ्यो । त्यसबेला जनताको मत, शक्ति र उत्साह यति प्रबल थियो कि तत्कालीन राजा ज्ञानेन्द्रले सिंहदरबारको सत्ताबाट पछि हट्दै सत्ता जनताका प्रतिनिधिहरूलाई हस्तान्तरण गर्नु परेको थियो ।

त्यसपछि सुरु भएको संक्रमणकालीन प्रक्रियाले संविधानसभा निर्वाचन, सशस्त्र द्वन्द्वको समायोजन, शान्ति सम्झौता हुँदै २०७२ सालमा संविधान जारी गर्ने ऐतिहासिक यात्रा पूरा गऱ्यो ।

सो संविधानले धर्मनिरपेक्षता, संघीयता, गणतन्त्र, समावेशी प्रतिनिधित्व र नागरिक स्वतन्त्रता जस्ता मूल्य र मान्यतालाई संस्थागत गऱ्यो । तर संविधान जारी भएको आठ वर्ष पनि नपुग्दै र गणतन्त्र स्थापनाको दुई दशक नपुग्दै फेरि राजतन्त्रको बहस उठ्न थालेको छ ।

२०८२ जेठ १५ गतेको एमालेको शक्ति प्रदर्शन र राजावादीहरूको सक्रियता यसै सन्दर्भमा सशक्त संकेतका रूपमा देखिएको छ । "राजा आऊ, देश बचाऊ" भन्ने नारासहित सडकमा निस्किएका राजावादी समूहहरू, राजनीतिक दलभित्रको असन्तोष, शासनप्रणालीको असफल अभ्यास र सर्वसाधारणको निराशाले यो बहसलाई मलजल गर्दै लगेका छन् ।

एमालेले भने सरकारको विफलता, महँगी, भ्रष्टाचार, बेरोजगारी र जनताको पीडालाई मुख्य मुद्दा बनाएर सडक आन्दोलन थालेको दाबी गरेको छ । तर एउटै दिन दुई शक्तिशाली समूहहरू सडकमा उत्रिँदा यो आन्दोलन जनताको आक्रोशमात्र नभई व्यवस्थाप्रतिको अविश्वासको अभिव्यक्तिको रूपमा देखिन थालेको छ ।

गणतन्त्रप्रतिको असन्तोष वास्तवमा गणतन्त्रका मूल्यहरूप्रति नभई यसको कार्यान्वयनमा देखिएको कमजोरीप्रति केन्द्रित देखिन्छ । संविधानले सुनिश्चित गरेका शिक्षा, स्वास्थ्य, रोजगारी, अभिव्यक्ति स्वतन्त्रता, सूचना प्राप्तिको हक, लैङ्गिक समानता, जातीय न्याय, धर्मनिरपेक्षता र समावेशी शासन अभ्यास व्यवहारमा कतै कमजोर छन् त कतै बेवास्ता गरिएका छन् ।

उदाहरणस्वरूप, शिक्षा क्षेत्रमा 'एकीकृत पाठ्यक्रम' लागू गरिए पनि गाउँ-शहरबीचको गुणस्तरीय असमानता अझै कायम छ । सरकारी विद्यालयहरूको शैक्षिक उपलब्धि घट्दो क्रममा रहेको हुँदा निजी विद्यालयप्रतिको निर्भरता बढ्दो छ ।

बेरोजगारीको अवस्था पनि विकराल छ । श्रम विभागका अनुसार सन् २०२४ मा मात्र ७ लाखभन्दा बढी नेपाली युवाले वैदेशिक रोजगारीका लागि अनुमति लिएका छन् ।

नेपाल राष्ट्र बैंकको २०८० सालको वार्षिक प्रतिवेदन अनुसार कुल श्रमशक्तिको ५७ प्रतिशत कृषिमा निर्भर भए पनि कृषि व्यवसायले पर्याप्त रोजगारी सिर्जना गर्न सकेको छैन । सरकारी स्तरबाट सञ्चालित 'प्रधानमन्त्री रोजगार कार्यक्रम' र 'युवा स्वरोजगार कार्यक्रम'जस्ता योजनाहरू सीमित बजेट, कार्यान्वयनको अपारदर्शिता र राजनीतिक हस्तक्षेपका कारण दीर्घकालीन समाधान दिन असफल भएका छन् ।

राजनीतिक दलहरू जनप्रति निधित्वको नाममा गठबन्धन, सौदाबाजी र सत्ताको लाभमा केन्द्रित छन् । नागरिक समाज, बुद्धिजीवी वर्ग र स्वतन्त्र मिडियाले निरन्तर सरकारको असफलता औंल्याउँदै आएका छन् । ट्रान्सपरेन्सी इन्टरन-ेशनलको २०२३ को भ्रष्टाचार सूचकांक अनुसार नेपाल १८० देशमध्ये १०८औं स्थानमा रहेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आर्थिक वर्ष २०७९/०८० मा ३३ अर्बभन्दा बढी रकम भ्रष्टाचारमा संलग्न भएको उजुरीहरू दर्ता गरेको छ । तर ठूला माछाहरूलाई उन्मुक्ति दिइ सामान्य कर्मचारीहरूलाई मात्र कारबाही गरिएको आरोप लाग्ने गरेको छ । जसले आम नागरिकमा आक्रोश थपेको छ ।

शासन प्रणालीको कमजोरीका कारण संविधानप्रतिको भरोसा कमजोर हुँदै गएको छ । संविधानले संघ, प्रदेश र स्थानीय तहबीच कार्यविभाजन स्पष्ट गरेको भए पनि व्यवहारमा स्थानीय तह संघीय सरकारको पुछार बनेको देखिन्छ ।

विकास खर्चको झण्डै ७० प्रतिशत संघीय सरकारले नियन्त्रणमा राखेको छ भने स्थानीय तह योजना दर्ता केन्द्रमा सीमित भएका छन् । कर प्रणाली असमान छ स्रोत बाँडफाँट विवादास्पद छ र बजेट कार्यान्वयन राजनीतिक पहुँचअनुसार हुने प्रवृत्तिले जनतामा निराशा थपेको छ ।

नागरिक आवाज पनि फेरिँदै गएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीले गत निर्वाचनमा उल्लेखनीय सफलता हासिल गरेपछि जनताले वैकल्पिक शक्तिप्रति विश्वास गर्न थालेको संकेत देखिएको थियो । तर ती शक्तिहरू पनि पुरानै ढर्राको राजनीतिमा समाहित हुँदै जाँदा फेरि निराशा बढेको छ । यही निराशाले राजसंस्थाप्रतिको भावनालाई पुनः चुल्याउने काम गरेको देखिन्छ ।

यद्यपि, तथ्यांक र सर्वेक्षणहरूले जनमत अझै पनि गणतन्त्रकै पक्षमा केन्द्रित रहेको देखाउँछन् । नेपाल पोलिटिकल अपिनियन पोल २०२४ अनुसार ६५ प्रतिशत जनताले गणतन्त्रको समर्थन गरेका छन् । जसमा १८-३५ वर्ष उमेर समूहका युवाहरूको सहभागिता ७८ प्रतिशत रहेको छ ।

२४ प्रतिशत जनताले राजतन्त्रको पक्षमा राय दिएका छन् भने बाँकी ११ प्रतिशत अनिश्चित छन् । यो तथ्यांकले देखाउँछ परिवर्तन चाहने जनमत छ तर त्यो परिवर्तन समावेशी र लोकतान्त्रिक हुनुपर्छ भन्ने जनअपेक्षा पनि छ ।

संविधानविद् डा. भीमार्जुन आचार्यका अनुसार "गणतन्त्र कुनै सत्ताको नाम होइन, मूल्यको प्रतिनिधित्व हो । त्यसको विरोध गर्नुको सट्टा त्यो मूल्यको रक्षा कसरी गर्नेभन्नेबारे बहस हुनुपर्छ ।"

उनका अनुसार वर्तमान संविधानले राजा होइन जनतालाई सर्वोच्च बनाएको छ । सुधार अभ्यासमा हुनुपर्छ, व्यवस्थामा होइन उनी भन्छन्, "भावनात्मक रूपमा व्यवस्थापरिवर्तनको नारा अघि सारियो भने त्यो फेरि मुलुकलाई अन्धकारतिर लैजान सक्छ ।"

राजनीतिक विश्लेषक नारायण वाग्ले भन्छन् "राजनीतिक दलहरूले आफ्नै बनाएको व्यवस्थाविरुद्ध बोल्न थाल्दा जनतामा अन्योल उत्पन्न हुन्छ । निराशा व्यवस्थासँग होइन, व्यवहारसँग हो भन्ने बुझ्न ढिलो भयो भने परिस्थितिले गम्भीर मोड लिन सक्छ ।" उनका अनुसार लोकतन्त्र जनतासँग संवाद गर्ने संयन्त्र हो । संवाद जब सत्तामा मात्र सीमित रहन्छ जनताले विकल्प खोज्न थाल्छन् ।

आजको चुनौती व्यवस्था परिवर्तन होइन व्यवहार परिवर्तन हो । राज्य संयन्त्रको जवाफदेहिता बढाउनु जनतासँग प्रत्यक्ष संवाद कायम गर्नु, सुशासनमा लगानी बढाउनु र शिक्षा तथा रोजगार क्षेत्रमा संरचनागत सुधार गर्नु वर्तमान प्राथमिक आवश्यकता हो ।

सामाजिक सञ्जालमा उठेका भावनात्मक नाराहरू सडकमा देखिएका विरोधहरू र सत्तापक्षको निष्क्रियताको मिश्रणले गणतन्त्रको भविष्यमाथि प्रश्न उठाउन थालेको छ । तर इतिहास साक्षी छ । परिवर्तन जनताले ल्याउँछन् भावनाले होइन विवेकले । त्यसैले यो घडीमा राज्य, राजनीतिक दल, नेतृत्व र नागरिक समाज सबैले गम्भीर आत्मसमीक्षा गर्न आवश्यक छ ।

यदि आजको चेतावनी बेवास्ता गरियो भने, भोलिको इतिहास फेरि विद्रोहबाट लेखिन सक्छ । तर त्यो विद्रोह कुन दिशामा मोडिन्छ, त्यसको निर्धारण आजको नेतृत्वले नै गर्नेछ । गणतन्त्र जनताको सम्पत्ति हो त्यसको रक्षा गर्नु सम्पूर्ण नेपालीको साझा जिम्मेवारी हो । (लेखक :- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ)

# लागुऔषध गाँजा सहित दुई जना महिला पक्राउ



विराटनगर । उदयपुरको चौदण्डीगढी नगरपालिका-२ स्थितबाट प्रहरीले लागूऔषध गाँजा सहित ओसारपसारमा संलग्न २ जना महिलालाई प्रहरीले पक्राउ गरेको छ ।

जेठ १५ गते विशेष सुचनाको आधारमा जिल्ला प्रहरी कार्यालय उदयपुरबाट खटिएको प्रहरी टोलीले चौदण्डीगढी-१ की रत्न माया श्रेष्ठको घर कोठा खानतलासी गर्दा सोही स्थानकी ४२ बर्षीया कमला श्रेष्ठले ३५ वटा प्लास्टिकको वोरामा लुकाई छिपाई राखेको १ हजार १ सय ४३ किलो २७५ ग्राम गाँजा बरामद गरेको थियो ।

गाँजा बरामद भए संगै संलग्न दुवै जनालाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालय उदयपुरबाट थप अनुसन्धान तथा कानूनी कारवाही भईरहेको छ ।

त्यसै गरी सुनसरीको बराहक्षेत्र नगरपालिका-१ स्थित सप्तकोशी नदीमा वेवारिसे अवस्थामा ट्युवमा बग्दै आईरहेको ८ वटा प्लास्टिकको बोरामा रहेको २ सय किलोग्राम गाँजा इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटिएको प्रहरी टोलीले बरामद गरेको छ ।

# गाँजा र लागुऔषध खैरो हिरोईन सहित ६ पक्राउ

बिराटनगर । झापा, मोरङ र सुनसरीबाट लागुऔषध सहित ५ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

जेठ १४ गते बुधवार झापाको मेचिनगर-११ स्थितमा जिल्ला प्रहरी कार्यालय झापा र लागुऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले मेचिनगर-१२ का २५ बर्षीय अजय मेचेलाई १ ग्राम ७८ मिलिग्राम ब्राउन सुगर, प्रतिबन्धित लागुऔषध ट्रमाडोल, एनटिकफ र स्पेसपाइन गरि जम्मा ४६ ट्याबलेट फेला पारी नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी लागुऔषध नियन्त्रण ब्युरो बिराटनगरले बिराटनगर-१५ बाट ४ ग्राम ब्राउन सुगर सहित बेलबारी-४ का ३२ बर्षीय हिमाल रिजाललाई पक्राउ गरेको थियो ।

त्यस्तै सुनसरीको कोशी गाउँपालिका-१ स्थितमा इलाका प्रहरी कार्यालय लौकहीबाट खटिएको प्रहरी टोलीले रामधुनी नगरपालिका-४ का २१ बर्षीय आशिष चौधरीलाई ट्रामाडोल र स्पास्मो गरी जम्मा ६ हजार ६९० क्याप्सुल र नाईट्राजाम १६० चक्की सहित नियन्त्रणमा लिएको हो भने प्रहरी चौकी भरोलले भोजपुर हतुवागढीका हेमराज सुवेदी र बराहक्षेत्र नगरपालिका-२ का २० बर्षीय अनुज बस्नेतलाई ट्रामाडोल १७५ क्यापसुल र एन्टी-कफ १६५ ट्याब्लेट सहित पक्राउ गरेको थियो ।

पक्राउ परेका उनिहरुको थप अनुसन्धान भईरहको छ ।

सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन कार्यालय
विराटनगर, कोशी प्रदेश

## विनियोजन...

बनाउन सडकपुल र झोलुंगेपुलको विस्तार गरिनेछ। प्रदेश राजधानीको मुख्य प्रशासनिक संरचनाको निर्माण प्रारम्भ गरिनेछ ।

१४.कृषिको आधुनिकीकरण र व्यवसायीकरण

कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रीकरण, व्यवसायीकरण, आधारभूत खाद्यवस्तु र तुलनात्मक लाभ भएका बाली तथा पशुपंक्षीको उत्पादन, प्रशोधन र बजारीकरणमा निजी, सहकारी तथा अन्तर सरकार समन्वय र सहकार्य गरिनेछ। कृषक, सहकारी, संकलनकर्ता र व्यापारीसँगको सहकार्यमा कृषि उत्पादनको मुल्य शृङखला प्रवर्द्धन गरिनेछ। कृषि ज्ञान केन्द्र र भेटेरीनरी अस्पताल तथा पशुविज्ञ केन्द्रलाई प्रशिक्षण केन्द्र एवम् आधारभूत प्रयोगशाला को रुपमा स्तरोन्नरति गरी स्थानीय तहमा रहेका कृषि तथा पशु सेवा केन्द्रको प्राविधिक क्षमता विकास गरिनेछ। कृषि तथा पशुपंक्षीजन्य उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बद्ध उन्नकत प्रविधि प्रयोग तथा व्यवसाय विस्तारका लागि ब्याज अनुदान उपलब्ध गराइनेछ। कृषि तथा पशुजन्य उत्पादनलाई अन्तर्राष्ट्रिय वजारमा सहज प्रवेशको लागि संघीय सरकारसँग समन्वय गरिनेछ। पशुपन्छीमा लाग्ने महामारी रोग नियन्त्रण गरी स्वस्थ पशुपन्छी जन्य उत्पादन वृद्धि गरिनेछ। कृषि तथा पशुपालनका क्षेत्रमा युवाको सहभागिता बढाउन उपयुक्त वातावरण सिर्जना गरिनेछ।

१५.खानेपानी, सिँचाइ तथा ऊर्जा

नागरिकलाई गुणस्तरीय खानेपानी सेवा सुनिश्चि त गर्न खानेपानी आयोजनाहरूको सञ्चालन, स्तरोन्न ति तथा मर्मत सम्भार गरिनेछ । फोहोरमैला व्यवस्थापन गर्न स्थानीय तहको सहकार्यमा नविन प्रविधिको उपयोग गरिनेछ। खानेपानीको समस्या भएका ग्रामीण क्षेत्रमा खानेपानी आयोजना सञ्चालन गरिनेछ। सिँचाइ प्रणालीको सुदृढीकरण, पुनर्स्थापना र मर्मत सम्भार गरी कृषियोग्य भूमिमा बर्षैभरी दिगो सिँचाइ सुविधा उपलब्ध गराइनेछ। रार्षट्रिय विद्युत् प्रसारण नपुगेका क्षेत्रमा लघु तथा साना जलविद्युत् र सौर्य तथा वायु उर्जा परियोजना सञ्चालन गर्न स्थानीय तह, निजी क्षेत्र तथा समुदायसँग साझेदारी गरिनेछ। प्रदेश सरकारबाट जलविद्युत्का सम्भावित क्षेत्रमा एकल लगानी र सार्वजनिक-सामुदायिक साझेदारी तथा सार्वजनिक-निजी साझेदारी लगायतका अन्य माध्यमबाट लगानी गरी नागरिकको आयस्तर र प्रदेशको आन्तरिक आयको अभिवृद्धि गरिनेछ।

१६.पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन

प्रदेशका सांस्कृतिक, धार्मिक र प्राकृतिक सम्पदा संरक्षण गर्दै निजी क्षेत्र र समुदायको सहकार्यमा कोशी पर्यटन वर्ष, २०८२ लाई प्रवर्द्धन गरिनेछ। आन्तरिक तथा बाह्यक पर्यटक आकर्षण गर्न प्राकृतिक, धार्मिक, सांस्कृतिक र साहसिक पर्यटनका पूर्वाधार र सेवामा सुधार गरी कोशी प्रदेशलाई गुणस्तरीय पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ।

१७.शिक्षा, खेलकुद, संस्कृति, रोजगार र समावेशिता

प्रादेशिक विश्विवद्यालय, सामुदायिक क्याम्पस, प्राविधिक विद्यालय र सामुदायिक विद्यालयको शैक्षिक पुर्वाधार निर्माण तथा गुणस्तर सुधारलाई प्राथमिकता दिईनेछ। खेलकुद पूर्वाधारको विस्तार र प्रवर्द्धन गर्दै खेलाडीको प्रशिक्षण, सहभागिता र व्यवसायिकता विकास गरिनेछ। कोशी प्रदेशमा रहेका भाषा, लिपि, धर्म, संस्कृति, सम्पदा, कला, साहित्य र सङ्गीतको संरक्षण तथा प्रवर्द्धन गरिनेछ। महिला, वालवालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक, सिमान्तकृत र आर्थिक रुपले विपन्ना नागरिकको संरक्षण, सशक्तीकरण, उत्थान र विकास गरिनेछ। सूचना प्रविधि शिक्षा र प्राविधिक तथा व्यवसायिक तालिमको विस्तार गरी युवा उद्यमशीलता र स्वरोजगारका लागि उपयुक्त वातावरण सिर्जना गरिनेछ।

१८.स्वास्थ्य सेवा

स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गरिनेछ। शारीरिक, मानसिक र सामाजिक स्वास्थ्य प्रवर्द्धन गरिनेछ। प्रदेश सरकार मातहतका अस्पतालबाट प्रवाह हुने सेवाको गुणस्तर सुधार गर्न भौतिक संरचना, स्वास्थ्य उपकरण, प्रयोगशाला, औषधि, अत्यावश्यक स्वास्थ्य सामाग्री र विशेषज्ञ सेवाको विस्तार गरिनेछ। सुरक्षित मातृत्व, वालवालिका तथा किशोर किशोरीको खोप र पोषण सम्बन्धी सेवा प्रदान गरिनेछ। प्रदेश जनस्वास्थ्य प्रयोगशाला लाई अनुसन्धान, नियमन तथा प्रेषण केन्द्रको रुपमा विकास गरिनेछ। आयुर्वेद चिकित्सा सेवालाई गुणस्तरीय बनाउन विशेषज्ञ प्रेषण अस्पताल र तालिम केन्द्रको विकास गरिनेछ। चिकित्सा क्षेत्रमा आवश्यक जनशक्ति उत्पादन गर्न प्रादेशिक विश्वनविद्यालयसँगको सहकार्यमा चिकित्सा शिक्षा अध्यापन सुरु गरिनेछ।

१९.औद्योगिक विकास र निजी क्षेत्रको प्रवर्द्धन

उद्यमशीलता विकासका माध्यमबाट प्रदेशको अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान बढाउन स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको स्थापना र सञ्चानलनलाई प्रोत्साहन गरिनेछ। निजी क्षेत्रलाई आर्थिक वृद्धिको संवाहकको रूपमा अगाडि बढाउन नीतिगत र संरचनागत सुधार गरी लगानीमैत्री वातावरण सिर्जना गरिनेछ। साना तथा मझौला उद्यम व्यवसायको विकास र विस्तारका लागि सहजीकरण, पूँजीमा पहुँच वृद्धि र प्रविधि तथा व्यवस्थापन सुधारका लागि सहयोग गरिनेछ। युवालाई उद्यमशीलता तर्फ आकर्षित गरिनेछ। औद्योगिक ग्रामको सञ्चाशलनलाई थप प्रभाव कारी बनाइनेछ। उपभोक्ता हक हित संरक्षण लाई थप व्यवस्थित गरिनेछ।

२०.यातायात क्षेत्र व्यवस्थापन

सार्वजनिक यातायात लाई निजीक्षेत्रको सहकार्य र समन्वयमा सुरक्षित भरपर्दो, मर्यादित, व्यवस्थित र प्रविधियुक्त बनाइनेछ। सवारी दर्ता, नवीकरण, सवारी चालक अनुमतिपत्र, यातायात क्षेत्रका अभिलेख र राजस्व संकलन प्रक्रिया लाई विद्युतीय प्रणालीमा आवद्ध गरिनेछ।

२१.वन र वातावरण संरक्षण

दिगो वन व्यवस्थापनका लागि राष्ट्रिय तथा सामुदायिक वनक्षेत्रको उत्पादकत्व वृद्धि गरी उत्पादित वस्तु तथा सेवाको प्रभावकारी व्यवस्थापन गरिनेछ। काष्ठा तथा गैह काष्ठप उत्पादनमा आधारित उद्योगको स्थापना, सञ्चाछलन तथा प्रविधि विकासमा सार्वजनिक, सामुदायिक, सहकारी र निजी क्षेत्रको साझेदारी तथा लगानीलाई प्रोत्साहन गरिनेछ। सडक किनार र नदी उकास जग्गामा वृक्षारोपण तथा कृषिवन पद्धति प्रवर्द्धन र विस्तार गरिनेछ। वन्यजन्तुको वासस्थान र जैविक मार्गको पहिचान तथा प्रभावकारी व्यवस्थापन मार्फत मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गरिनेछ। वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, अध्ययन, अवलोकन गर्न प्राणी उद्यान स्थापना गरिनेछ। जलवायु परिवर्तन का प्रभावहरूलाई न्यूनीकरण तथा अनुकूलन गर्न चुरे तथा जलाधार क्षेत्रमा माटो, पानी र वनस्पतिको व्यवस्थापन गरी बाढी, पहिरो, भूक्षय नियन्त्रण, पूर्वाधार संरक्षण, सुख्खा क्षेत्र व्यवस्थापन र भूमिगत जल भण्डार पुनर्भरण गरिनेछ।

२२.विपद् व्यवस्थापन

विपद् प्रतिकार्य र पूर्वतयारी सम्बन्धी कार्ययोजनालाई व्यवस्थित बनाईनेछ। विपद् जोखिम विद्युतीय नक्सांकन, पूर्वसूचना प्रणाली, उद्धार, राहत एवम् पुनर्स्थापना जस्ता कार्यलाई थप प्रभावकारी बनाइनेछ। विपद्जन्य घटनामा परेका पीडित नागरिकलाई छिटो छरितो र प्रभावकारी रुपमा राहत तथा सहायता उपलब्ध गराउने प्रणाली विकास गरिनेछ। स्थानीय तहसँगको सहकार्यमा एकिकृत विपद् व्यवस्थापन केन्द्रलाई थप सुदृढ तथा विस्तार गरिनेछ।

२३. सहकारीको अनुगमन र नियमन

सहकारी संस्थाका सम्भाव्य वित्तीय जोखिम न्यूनीकरण, अनियमितता, वचत अपचलन र ठगी नियन्त्रण गर्न अनुगमन तथा नियमनलाई प्रभावकारी बनाइनेछ। सहकारी क्षेत्रको स्रोत साधन र पूँजीलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्न प्रोत्साहन गरिनेछ।

२४.सार्वजनिक वित्तीय व्यवस्थापन

आयोजना बैङ्कको प्रभावकारी कार्यान्वयनबाट आयोजना तथा कार्यक्रमको छनौटलाई व्यवस्थित बनाउँदै बजेट तर्जुमा प्रकृयालाई सुधार गर्दै लगिनेछ। आन्तरिक राजस्व अभिवृद्धि गर्न नीतिगत तथा संरचनागत सुधार गरिनेछ। सार्वजनिक खर्चलाई थप औचित्यपूर्ण बनाउने गरी आयोजना तथा कार्यक्रमहरूको प्राथमिकी करण गरिनेछ। विनियोजन कुशलता अभिवृद्धि गरी बजेटको कार्यान्वयनलाई थप प्रभावकारी बनाइनेछ। अनुगमन प्रणालीमा सुधार गरी लक्ष्यसँग वित्तीय तथा भौतिक प्रगतिमा तादाम्यता कायम गरिनेछ। आन्तरिक नियन्त्रण र आन्तरिक लेखा परीक्षणमा सुधार गर्नुका साथै बेरुजू न्यूनीकरण र फर्स्यौटलाई प्राथमिकता दिइनेछ। स्थानीय तहमा रहेको वित्तीय स्रोतको न्यूनता सम्बोधन गर्न प्रदेशको आन्तरिक आय वृद्धिको अनुपातमा वित्तीय हस्तान्तरणमा वृद्धि गरिनेछ।

माननीय सभामुख महोदय,

२५. यस सम्मानित सभा समक्ष पेश गरेको विनियोजन विधेयक, २०८२ का सिद्धान्त र प्राथमिकता प्रदेशको आवश्यकता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिनय परिवेश, वस्तुगत यथार्थता र उपलब्ध हुने साधन र स्रोतका बीच तादाम्यता हुनेगरी तयार गरिएको छ।

अन्त्यमा, विनियोजन विधेयय का सिद्धान्त र प्राथमिकतामाथि छलफलका क्रममा माननीय सदस्यबाट व्यक्त हुने विचार, विश्लेषिण र सुझावलाई महत्वपुर्ण आधारका रुपमा लिई आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्ने विश्वा स दिलाउछु। विनियोजन कुशलता र वजेट प्रणालीमा अनुशासन कायम गरी प्रदेशप्रति आशा एवम् विश्वीस जगाउन आगामी आर्थिक वर्षको बजेटले महत्वपूर्ण भूमिका निर्वाह गर्नेमा म विश्व स्त छु। धन्यवाद।

# प्रदेश प्रहरी प्रमुखद्धारा प्रहरी कार्यालय निरक्षण



विराटनगर। कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक ईश्वर कार्कीले जिल्ला प्रहरी कार्यालय मोरङको निरीक्षण भ्रमण गरेका छन।

जेष्ठ १६ गते शुक्रवारका दिन निरीक्षण भ्रमणको क्रममा वहाँले कार्यालय भवन, सम्पूर्ण शाखाहरु तथा हिरासत कक्षको निरीक्षण गर्नुका साथै कार्यालय परिसरमा वृक्षारोपण समेत गर्नु भएको थियो। निरीक्षण प्रश्चात प्रदेश प्रहरी प्रमुख कार्कीले जिल्ला प्रहरी कार्यालय तथा मातहत इकाई प्रमुखहरु सहित कार्यरत प्रहरी अधिकृत तथा प्रहरी कर्मचारीहरुलाई आवश्यक निर्देशन समेत दिएका थिए। निर्देशनको क्रममा वहाँले प्रदेशको राजधानी, औद्योगिक तथा व्यपारिक केन्द्र रहेको मोरङ जिल्लामा खटिने प्रहरी कर्मचारीहरुले नियमितरुपमा चुस्त दुरुस्त भई शिष्ट बोली बचन र ब्यवहारका साथ नागरिकहरुको बिश्वास जित्दै सुरक्षाको प्रत्याभुति हुने गरी प्रहरी सेवा प्रदान गर्न निर्देशन दिएको थियो।

समाजमा अप्रिय घटना घट्न नदिन र घटि हालेमा त्यसको सुक्ष्म र सफल अनुसन्धान गरेर अपराधीलाई कानूनी दायरामा ल्याउन र पिढीतलाई न्याय प्रदान गराउन कटिबद्द हुनका साथै कोशी प्रदेश पर्यटन वर्ष, २०८२ को अवसरमा नेपाल भ्रमणको लागी आउनु हुने विदेशी पर्यटकहरुको यात्रा सहज र सरल बनाई सत्कार र सम्मानका साथ गुणस्तरीय प्रहरी सेवा प्रदान गर्न प्रहरी कर्मचारीहरुलाई निर्देशन दिएका थिए। साथै वँहाले सुरक्षाकर्मी शारिरिक तथा मानसिकरुपमा स्वस्थ्य र सुरक्षित भए मात्र आम नागरिकलाई सुरक्षाको प्रत्याभुति दिन सक्ने भएको हुँदा प्रहरी मानसिक तथा शारिरिकरुपमा स्वस्थ्य रहन जरुरी रहेको वताएको थियो।

निरीक्षण भ्रमणको क्रममा जिल्ला प्रहरी कार्यालय मोरङका प्रमुख प्रहरी उपरीक्षक नारायण प्रसाद चिमरीयाले प्रदेश प्रहरी प्रमुख कार्कीलाई मोरङ जिल्लाको समग्र शान्ती सुरक्षाको अवस्था, जनशक्ति व्यवस्थापन, भावि कार्य योजना, सुरक्षा चुनौतीहरु र प्रदेश प्रहरी कार्यालयसंगको अपेक्षा सहितको प्रस्तुतिकरण गर्नु भएको थियो भने मोरङ जिल्ला अन्तरगत रहेका प्रहरी इकाईहरुका प्रमुखहरुले आ-आफ्नो एरियाको बस्तु स्थिति लगायत विविध विषयहरुमा प्रदेश प्रहरी प्रमुख कार्कीलाई अवगत गराउनु भएको थियो।

# स्कार्पियोबाट गाँजा बरामद

विराटनर। सुनसरीको दुहबी नगरपालिका- ११ स्थितबाट भारतीय नम्बरको स्कार्पियोबाट प्रहरीले लागुऔषध गाँजा बरामद गरेको छ।

जेठ १५ गते बिहीवार लागुऔषध गाँजा ओसार पसार भईरहेको छ भन्ने बिशेष सुचनाको आधारमा इलाका प्रहरी कार्यालय दुहबी, प्रहरी चौकी तनमुना र प्रहरी चौकी रामगंज वेलगाछियाबाट चेकजाँचमा खटिएको प्रहरी टोलीले डब्लुबी ०६ एच २८५८ नम्बरको भारतीय स्कार्पियोमा प्लाष्टिकमा पोका पारी लोड गरि राखेको (१४ पोका) ४ किलो ३८ ग्राम गाँजा बरामद गरेको थियो।

गाँजा बरामद गरेसगै ओसार पसारमा संलग्न चालकको खोजतलास भईरहेको छ।

